| आर्थिक वर्ष २०७९/०८० को नाफाबाट लाभांश घोषणा गर्ने वित्तीय संस्था (प्रतिशतमा) | | | | |
|---|---|---|---|---|
| **वाणिज्य बैंकतर्फ** | | | | |
| **क्रसं** | **बैंक** | **नगद** | **बोनस** | **कुल** |
| १ | नबिल बैंक | ११ | - | ११ |
| २ | नेपाल एसबीआई बैंक | ६.८ | ३.७५ | १०.५५ |
| ३ | ग्लोबल आईएमई बैंक | ८ | १ | ९ |
| ४ | स्टान्डर्ड चार्टर्ड बैंक | १९ | - | १९ |
| ५ | सिद्धार्थ बैंक | ४.२१ | - | ४.२१ |
| ६ | सिटिजन्स बैंक इन्टरनेसनल | ५.७९ | - | ५.७९ |
| ७ | एनआईसी एसिया बैंक | १.५२ | २९ | ३०.५२ |
| ८ | सानिमा बैंक | ५.७ | ९ | १४.७ |
| ९ | एभरेष्ट बैंक | १०.५३ | १० | २०.५३ |
| १० | माछापुच्छ्रे बैंक | ०.७५ | १३.३ | १४ |
| ११ | एनएमबी बैंक | ० | ० | ० |
| **विकास बैंकतर्फ** | | | | |
| **क्रसं** | **विकास बैंक** | **नगद** | **बोनस** | **कुल** |
| १ | मितेरी डेभलपमेन्ट बैंक | ०.५ | ९.५ | १० |
| २ | सांग्रिला डेभलपमेन्ट बैंक | ०.२६ | ५ | ५.२६ |
| ३ | शाइन रेसुंगा डेभलपमेन्ट बैंक | ०.५५ | १०.५ | ११.०५ |
| **फाइनान्स कम्पनीतर्फ** | | | | |
| **क्रसं** | **फाइनान्स कम्पनी** | **नगद** | **बोनस** | **कुल** |
| १ | मञ्जुश्री फाइनान्स | ५.२६ | ० | ५.२६ |
| **लघुवित्त वित्तीय संस्थातर्फ** | | | | |
| **क्रसं** | **लघुवित्त संस्थाको नाम** | **नगद** | **बोनस** | **कुल** |
| १ | फर्स्ट माइक्रोफाइनान्स | ७.५ | ७.५ | १५ |
| २ | सपोर्ट लघुवित्त | ०.६८ | १३ | १३.६८ |
| ३ | एनआईसी एसिया लघुवित्त | १५ | ० | १५ |
| ४ | आरएसडिसी लघुवित्त | ०.४५ | ८.६ | ०.०५ |
| ५ | युनिक लघुवित्त | १ | १९ | २० |
| ६ | नेष्डो समृद्ध लघुवित्त | १५ | ० | १५ |
| ७ | मनकामना स्मार्ट लघुवित्त | ० | ० | ० |
| ८ | हिमालयन लघुवित्त | ० | ० | ० |
| ९ | धौलागिरी लघुवित्त | ०.७५ | १४.२५ | १५ |
| १० | ग्लोबल आईएमई लघुवित्त | ८ | १ | १० |
| ११ | स्वालम्बन लघुवित्त | ०.६५ | १२.३५ | १३ |

## लाभांश...

आरएसडीसी लघुवित्त वित्तीय संस्था, युनिक लघुवित्त वित्तीय संस्था, नेष्डो समृद्ध लघुवित्त वित्तीय संस्था, धौलागिरी लघुवित्त वित्तीय संस्था र ग्लोबल आईएमई लघुवित्त वित्तीय संस्थाले लाभांश घोषणा गरेका छन् ।

आव २०७९/०८० को खुद मुनाफामध्येबाट मनकामना स्मार्ट लघुवित्त वित्तीय संस्था र हिमालयन लघुवित्त वित्तीय संस्थाले भने कुनै पनि किसिमको लाभांश वितरण नगर्ने घोषणा गरेका छन् ।

## विदेश.....

सचिव घिमिरेले पदबाट राजीनामा दिइसकेका छन् । उनको राजीनामा स्वीकृत पनि भइसकेको छ ।

मन्त्री बस्नेत पनि विदेश भ्रमणमा अधिक रूचि देखाइरहेका छन् । गत जेठमा प्रधानमन्त्रीसँगै भारत भ्रमणमा गएका मन्त्री बस्नेत अन्तर्राष्ट्रिय सौर्य गठबन्धनको बैठकमा सहभागी हुन ८ साउनमा संयुक्त अरब इमिरेट्सको अबुधावी गएका थिए । ऊर्जा मन्त्रालयका मन्त्री र सचिव मात्रै होइन, केही कर्मचारीहरु पनि विदेश भ्रमणमा मस्त छन् । अपर अरूण जलविद्युत् आयोजनाका प्रबन्ध निर्देशक फणिन्द्रराज जोशी अष्ट्रेलियापछि स्कटल्यान्ड हुँदै अमेरिका पुगेका थिए ।

सहरी विकास मन्त्री सीता गुरूङले कात्तिक ९ गतेदेखि मेलेसिया भ्रमण गरिन् । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयअनुसार भदौ लागेयता मन्त्रीहरूले मात्रै जम्बो टोली बनाएर १६ वटा वेदेशिक भ्रमण गरिसकेका छन् । भदौको पहिलो साता स्वास्थ्य तथा जनसंख्या मन्त्री मोहनबहादुर बस्नेत भारत भ्रमण गए । अर्थमन्त्री प्रकाशशरण महत पनि भदौ ३ गते क्यानडा पुगे । उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री रमेश रिजाल भदौ ५ र ६ गते थाइल्यान्डको बैंकक पुगे ।

१८ भदौमा स्वास्थ्य तथा जनसंख्या मन्त्री बस्नेत इजिप्टको कयरो पुगे । २२ भदौमा परराष्ट्र मन्त्री एनपी साउद राष्ट्र संघको महासभामा भाग लिन न्युयोर्कमा गए । २८ भदौमा कृषि तथा पशुपन्छी विकास मन्त्री बेदुराम भुसास क्युवा पुगेका थिए । ५ असोजमा भौतिक पूर्वाधार तथा यातायात मन्त्री प्रकाश ज्वाला, खानेपानी मन्त्री महिन्द्रराय यादव पनि प्रधानमन्त्री पुष्पकमल प्रचण्डको टोलीमा सामेल भएर चीन पुगे । उनीहरूसँग टोलीमा मुख्यसचिव डा. वैकुण्ठ अर्यालसहित विभिन्न मन्त्रालयका सचिव समेत सामेल थिए । ६ असोजमा परराष्ट्र मन्त्री साउद प्रधानमन्त्रीसँगै अमेरिकाबाट चीन भ्रमणमा गए ।

त्यही समयमा नै एसियाली खेलकुद हेर्न युवा तथा खेलकुद मन्त्री डिगबहादुर लिम्बु चीन पुगेका थिए । ५ असोजमा (एआईआइबी)को वार्षिक बैठकमा सहभागी हुन अर्थमन्त्री महत राजस्वसचिव रामप्रसाद घिमिरेलाई लिएर इजिप्ट गए । ७ असोजदेखि चीनको बेइजिङमा सुरू भएको ग्लोबल सस्टेनेबल ट्रान्सपोर्ट फोरमको बैठकमा सहभागी हुन भौतिक पूर्वाधार तथा यातायात राज्यमन्त्री नन्दा चपाई चीन पुगिन् । शिक्षा तथा प्रविधि राज्यमन्त्री प्रमिला कुमारी श्रीलंका गइन् । श्रममन्त्री युरोप भ्रमण सकेर फर्किएलगत्तै अर्थमन्त्री मोरक्को भ्रमणमा निस्किए । राष्ट्रिय योजना आयोगका सदस्य आरपी बिच्छा नेदरल्यान्ड गए । भदौ १५ र १६ गते कर्णालीका मुख्यमन्त्री राजकुमार शर्मा स्वीट्जरल्यान्डको चुरिच पुगे ।

७ असोजदेखि महान्यायाधिवक्ता दिनमणि पोखरेल बेलायत पुगे । निर्वाचन आयोगका आयुक्त रामप्रसाद भण्डारी माल्दिभ्स गएका थिए । त्यहीबीचमा विराटनगरका मेयर नागेश कोइराला र वीरगन्ज महानगरपालिकाका मेयर राजेशमान सिंह पनि अमेरिका पुगेका थिए । त्यसैबीचमै विभिन्न जिल्ला समन्वयन समितिका अधिकारीहरु अमेरिका पुगेका थिए । तत्कालीन वाणिज्य सचिव मधुकुमार मरासिनीले चीन, तत्कालीन संघीय मामिला तथा सामान्य प्रशासन सचिव कृष्णहरि पुष्करले अमेरिका, हालका संघीय मामिलाका सचिव विनोदबहादुर कुँवरले कोष्टारिका भ्रमण गरेका छन् ।

विभिन्न देश र दातृ निकायबाट आउने निमन्त्रणामध्ये कुन बैठक वा फोरम उपयुक्त, औचित्यपूर्ण र प्रतिफलमुखी हो भनेर विवेकपूर्ण छनोट हुनेगरेको छैन । मन्त्रालय, आयोग र अन्य निकायबाट गएका जस्तोसुकै भ्रमणको प्रस्ताव पनि मन्त्रिपरिषद्बाट स्वीकृत भइरहेको त्यथ्यहरु फेला परेका छन् । जिम्मेवार पदमा बसेकाहरूले समेत देशको अवस्थाप्रति अलिकति पनि चिन्ता नगर्ने परिपाटीले सरकारीस्तरका भ्रमणहरु बढेका छन् । जानै नपर्ने मान्छे समेत भ्रमण दलमा राख्ने र बस्ने काम भइरहेको देखिन्छ । देशको प्रतिनिधित्व नगरी नहुने ठाउँमा मात्रै जानुपर्नेमा घुम्नका लागि मात्रै भए पनि पुग्ने प्रवृत्ति चिन्ताजनक रहेको छ ।

बजेट कार्यान्वयनका लागि तीव्र काम गर्नुपर्ने बेला र राष्ट्रमा देखिएका संकटको सामना गर्नुपर्ने समयमा मन्त्री र सचिवहरु नै लामबद्ध भएर विदेशयात्रामा जम्बो टोली बनाएर जानुलाई मन्त्रीहरु विदेश भ्रमणमा शोखिन भएको देखाएको छ । मन्त्रालयका अधिकृतहरु जाँदा हुने ठाउँमा समेत मन्त्री र सचिवले आफ्नो नाम मनोनयन गरेर पठाएको तथ्यहरु फेला परेका छन् । भ्रमणमा जाँदा विदेशी डलर भत्ताले पनि मन्त्री र सचिवहरूलाई विदेश जान उत्प्रेरित गरेको देखिन्छ ।

सरकारले लक्ष्यको तुलनामा राजस्व निकै कम उठेर चालू खर्च समेत धान्न ऋण उठाइरहेका बेला मन्त्रालयहरु विदेश भ्रमणको तालिका धमाधम स्वीकृत गरिहरेका छन् । निस्फिक्री विदेश घुमिरहेका मन्त्री र सचिवहरु सरकारी कामकाजकै लागि भ्रमणमा निस्केको बहाना बनाइरहेका छन् ।

सरकारी टोलीबाट विदेश भ्रमणमा जाँदा मन्त्रीले दैनिक दुई सय ५०, सचिवहरूले दुई सय २५ र सहसचिवहरूले एक सय ७५ डलर दैनिक भ्रमण भत्ता पाउँछन । सोभन्दा माथिका पदाधिकारीले तीन सय ५० र प्रथम तहको भए दुई सय ५० डलरसम्मको खर्च पाउँछन् । देशमा आर्थिक संकट चलिरहेको समयमा आउने दिनहरूमा पनि विभिन्न बहानामा सरकारका मन्त्री, सचिव, सहसचिवस्तरबाटै विदेश भ्रमण बाक्लिने सम्भावना उत्तिकै रहेको छ ।

## रुसी....

जिल्ला प्रहरी परिसर काठमाडौंका प्रवक्ता, प्रहरी उपरीक्षक कुमोद ढुङ्गेलले रूसी सेनामा जानलाई युवा खोज्ने, कागजात मिलाइदिनेदेखि लिएर भिजिट भिसा मिलाउनेसम्मका गतिविधिमा संलग्न व्यक्तिलाई पक्राउ गरिएको पुष्टि गरे । पछिल्लो समय रूस-युक्रेन युद्धपछि रूसले विदेशी नागरिकका लागि भर्ती खोल्दा धमाधम नेपाली युवा अवैध बाटो हुँदै त्यहाँ गइरहेका छन् । यसरी अवैधरूपमा रूसी सेनामा गएका छ जना नेपाली युवाले ज्यानसमेत गुमाएका छन् । पक्राउ परेकासँग प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ । रासस

## कोरियाको...

सन् २०२३ देखि ईपीएसमा सूचीकृत १६ मुलुकहरूका लागि एक लाख १० हजार जनाको कोटा तोक्दै आएको छ । कोरियाको आन्तरिक श्रमबजारमा श्रमिक आवश्यक परेसँगै संख्या वृद्धि गर्दै कोटा तोकेको हो । कोरियाको प्रथामिकतामा भने नेपाली श्रमिक पर्दै आएको पाइन्छ । नेपालीहरु इमान्दारिताका कारण उनीहरूको प्राथमिकतामा पर्न सफल भएको शाखाका अधिकारीहरु बताउँछन् ।

नेपाली युवालाई भने आकर्षक कमाइ र सुरक्षित गन्तव्य भएकाले कोरियाली रोजगारी आकर्षक बन्दै आएको छ । मासिक एक लाख ५० हजार तलब बुझ्ने तथा थप समय काम गरेबापत तीनदेखि चार लाख रूपैयाँसम्म पाउने हुँदा नेपाली श्रमिक कोरियाली रोजगारीमा आकर्षित भएको बताइन्छ । यतिमात्र सीमित नभई नेपाल र कोरियाको अर्थतन्त्रमा समेत नेपाली श्रमिकको योगदान रहेको पाउन सकिन्छ । नेपालका साथै बंगलादेश, श्रीलंका, थाइल्याण्ड, इन्डोनेसिया, कम्बोडियालगायतका १६ वटा मुलुकबाट कोरियाले श्रमिक लैजाने गरेको छ । १६ वटा मुलुकहरूमध्ये सन् २०२२ मा कोरिया प्रवेश गर्ने सबैभन्दा धेरै नेपाली श्रमिक थिए । जुन संख्या १४ हजार चार सय ९५ जना रहेको छ । नेपाली श्रमिकहरूको गन्तव्य मुलुकको रूपमा पहिचान भएको मलेसिया र खाडीका छ राष्ट्रहरूमा भन्दा आकर्षक सेवा-सुविधा र सुरक्षाका कारण कोरियाको रोजगारी आकर्षणको केन्द्र बन्न पुगेको छ ।

त्यस्तै, पछिल्लो समय कोरियाले पानी जहाज निर्माणको लागि ठूलो संख्यामा विदेशी श्रमिक लिने निर्णय गरेको थियो, सोहीअनुरूप उसले विदेशी श्रमिक कोरिया भित्र्याउने तयारीमा रहेको छ । शाखाका अनुसार कोरियाली पानीजहाज निर्माण क्षेत्रमा श्रमिक पठाउन पहिलो चरणमा लिइएको भाषा परीक्षामा चार हजार ९८ जना उत्तीर्ण भएका थिए । एचआरडी सर्भिस अफ कोरियाले लिएको परीक्षामा ३२ हजार पाँच सय सात जना सहभागी थिए । परीक्षा करिब एक महिना सञ्चालन भएको थियो भने दैनिक करिब आठ सय जनाका दरले परीक्षामा सहभागिता जनाएका थिए ।

कोरियाको पानीजहाज निर्माणको लागि ३५ हजार चार सय ७८ जनाले आवदेन दिएका थिए । जसमध्ये ३३ हजार दुई सय एक जना पुरूष र दुई हजार दुई सय ७७ जना महिला छन् । भाषा परीक्षा उत्तीर्ण भएकाहरु सीप परीक्षामा सहभागी हुनेछन् । सीप परीक्षा लिनका लागि भने कोरियाली पक्षको सहभागता हुनेछ । करिब १५ वर्षको अन्तरालमा ८५ हजार जनाभन्दा बढी नेपाली श्रमिक कोरिया पुगेका छन् भने ४५ हजार जना अहिले पनि कोरियामा कार्यरत छन् ।

## लगातार सात कारोबार दिन घट्यो सेयरबजार

काठमाडौँ, मंसिर १९ । सेयरबजार लगातार सात कारोबार दिनदेखि घटेको छ । मंसिर ११ गतेयता नेप्से ७० अंकले घटिसकेको छ । मंगलबार मात्रै नेप्से १० दशमलव १० अंकले घटेर एक हजार आठ सय ३७ दशमलव ७१ को विन्दुमा कायम भएको छ ।

कारोबार भएका दुई सय ३७ कम्पनीमध्ये एक सय ६१ कम्पनीको सेयरमूल्य घट्दा बजार दबाबमा परेको हो । यद्यपी ६२ कम्पनीका सेयरधनीले कमाएका छन् । १४ कम्पनीको सेयरमूल्य स्थिर रहेको छ ।

बजार घटे पनि कारोबार रकममा भने सुधार भएको छ । सोमबार एक अर्ब १९ करोडको सेयर कारोबार भएको थियो । मंगलबार एक अर्ब ५४ करोड ४९ लाख रूपैयाँबराबरको ४६ लाख ९८ हजार छ सय ८२ कित्ता सेयर किनबेच भएको छ । लगानीकर्ताको सम्पत्ति १६ अर्बले घटेको छ । बजार पुँजीकरण २८ खर्ब ३३ अर्बमा झरेको छ ।

यस दिन जीवन बीमा समूह शून्य दशमलव १६ प्रतिशतले बढेको छ भने अरू सबै समूहको उपसूचक घटेको छ । सबैभन्दा धेरै उत्पादन तथा प्रशोधन समूह दुई दशमलव ५७ र होटल तथा पर्यटन समूह एक दशमलव ७१ प्रतिशतले घटेको छ ।

सिँगटी हाइड्रो लिमिटेडको सेयरमूल्यमा सकारात्मक 'सर्किट' लागेको छ । सबैभन्दा धेरै गुमाउनेमा भने विशालबजार कम्पनी लिमिटेडको सेयर मूल्य नौ दशमलव ५३ प्रतिशतले घटेको छ ।

कारोबार रकम र कारोबार भएका सेयर संख्याका आधारमा सबैभन्दा धेरै माउन्टेन इनर्जी नेपाल लिमिटेडको ३६ करोड २९ लाख ५७ हजार चार सय २४ रूपैयाँबराबरको आठ लाख ३१ हजार तीन सय ५० कित्ता सेयर किनबेच भएको छ ।

## पुन: १० अर्ब रुपैयाँको निक्षेप संकलन उपकरणको बिक्री आज

■ आर्थिक संवाददाता
काठमाडौं, मंसिर १९

नेपाल राष्ट्र बैंकले आज बुधबार १० अर्ब रूपैयाँबराबरको निक्षेप उपकरण बिक्री गर्ने भएको छ । राष्ट्र बैंकका अनुसार बोलकबोलको माध्यमद्वारा आज अपराह्न २ बजेसम्ममा अल्पकालीन अर्थात् सात दिनको अवधिको मौद्रिक उपकरण बिक्री गर्न लागिएको हो ।

निष्काशन मिति विसं २०८० मंसिर २० गते तोकिएको निक्षेप संकलन उपकरणको साँवाब्याज भुक्तानी मिति २०८० मंसिर २७ गते तोकिएको छ । राष्ट्र बैंकका अनुसार वाणिज्य बैंक, विकास बैंक र फाइनान्स कम्पनीहरूको लागि यो मौद्रिक उपकरण बिक्री गरिएको हो ।

खरिदकर्ताले घटीमा १० करोड र बढीमा पाँच करोड रूपैयाँले भाग गर्दा निःशेष भाग जाने गरी कुल आह्वान रकमसम्मको निक्षेप उपकरण खरिद गर्न व्यवस्था गरिएको थियो । सोही व्यवस्थाअनुसार वाणिज्य बैंक विकास बैंक र फाइनान्स कम्पनीहरूले यो मौद्रिक उपकरण खरिद गरेको राष्ट्र बैंकको भनाइ छ । राष्ट्र बैंकका अनुसार यसरी खरिद गरिएको निक्षेप संकलन उपकरण राष्ट्र बैंकबाहेकका बैंक तथा वित्तीय संस्थाहरूमा धितोको रूपमा पनि प्रयोग गर्न सकिनेछ ।

**निक्षेप संकलन बोलकबोल भनेको के हो ?**

बैंकिङ क्षेत्रसँग रहेको अधिक तरलता निश्चित अवधिका लागि प्रशोचन गर्न नेपाल राष्ट्र बैंकले प्रयोगमा ल्याएका विभिन्न उपकरणमध्ये निक्षेप संकलन बोलकबोल पनि एक उपकरण हो । यसअन्तर्गत बोलकबोलको आधारमा ब्याजदर निर्धारण भई बैंक तथा वित्तीय संस्थाबाट नेपाल राष्ट्र बैंकले निक्षेप संकलन गर्ने गर्दछ जसबाट तरलता प्रशोचन हुन जान्छ । बोलकबोल नगरीकन निक्षेप संकलन दरमा निक्षेप संकलन गर्न सकिने व्यवस्था पनि रहेको छ ।

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय
सडक डिभिजन चन्द्रनिगाहपुर
रौतहट

बोलपत्र स्वीकृत गर्ने आशयको सुचना

सुचना प्रकाशन मिति २०८०-०८-२०

यस डिभिजनको मिति २०८०/०२/२२ गतेको राष्ट्रिय दैनिकमा प्रकाशित सुचना नं IFB-०८-२०७९/८० र मिति २०८०/०४/०६ गतेको रास्ट्रिय दैनिकमा प्रकाशित सूचना नं IFB–01–2080/81 अनुसार E–Bid मार्फत दर्ता हुन आएका बोलपत्रदाताहरु मध्ये तपशिल बमोजिमका निर्माण व्यवसायीहरुको बोलपत्र न्युनतम मूल्यांकित सारभूतरुपमा प्रभावाग्राहीदेखि सार्वजनिक खरिद ऐन २०६३ को दफा २७(२) र ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | ठेक्का नं. | कामको विवरण | न्युनतम मुल्यांकित सारभूत रुपमा प्रभावाग्राही देखिएको बोलापत्रदाताहको नाम | कवोल रकम (मु.अ.क. र PS समेत) |
|---|---|---|---|---|
| 1 | RDCNP/33701169-079/80-52 | Road Improvement Works along Malangwana pa 4 dekhi shiv sagar chowk dekhi kaudena Ga pa 4 ra 5 hudai ghordauri samma Sadak, Sarlahi | बजरंबली निर्माण सेवा, कनकपुर, रौतहट | रु.१२७५९९४३.०५ |
| 2 | RDCNP/33701138-080/81-03 | Road Improvement along Malangawa Nawalpur Road, Sarlahi | महालक्ष्मी कन्स्ट्रक्सन, कटहरिया, रौतहट | रु.५१०९८८४.७३ |
| 3 | RDCNP/33701169-080/81-05 | Road Improvement along Aadharbhut Bidyalaya Purenwa dekhi Ramanand Sahko ghar hudai Dabara Samm Sadak wada 07,Rautahat | शिवशंकर भोले कन्स्ट्रक्सन, राजपुर, रौतहट | रु.५६०३३१७.३१ |
| 4 | RDCNP/33701169-080/81-06 | Road Improvement along Pipra Bazar Bagmati Pull Gadahiya Dumariya sadak, Sarlahi | आशुतोष राज निर्माण सेवा, राजदेवी, रौतहट | रु.५९३३०४३.४० |

बोलपत्र रद्द गरिएको सूचना

यस डिभिजनको मिति २०८०/०२/२२ गतेको रास्ट्रिय दैनिकमा प्रकाशित सुचना नं IFB-०८-२०७९/८० र मिति २०८०/०४/०६ गतेको राष्ट्रिय दैनिकमा प्रकाशित सुचना नं IFB-०१-२०८०/८१ अनुसार E–Bid मार्फत दर्ता हुन आएका बोलपत्रदाताहरु मध्ये तपशिल बमोजिमको बोलपत्रहरु सार्वजनिक खारिन ऐन, २०६३ को दफा ३ को उपदफा २ बमोजिम रद्द गरिएको व्यहोरा सम्बन्धित सबैको लागी जानकारीको लागी यो सुचना प्रकाशन गरिएको छ ।

| सि.नं. | ठेक्का नं. | कामको विवरण | कैफियत |
|---|---|---|---|
| 1 | RDCNP/33701169/2079/80-48 | Construction of Gaur Chakrapath Road, Rautahat. | |
| 2 | RDCNP/33701176/2079/80-49 | Road Improvement Works along Chandrapur Nagarpalika Santapur dekhi Brindaban Nagarpalika ra Gadhimai Nagarpalika-1 hudai Garuda Nagarpalika ko Garuda Bazaar samma ko sadak ra Garuda Nagarpalika ko Birta chowk ko paschim patti ko sadak hudai Bhusaha hudai bada Auhari hudai Bargaajawaa Archpathak hudai Huseni Chowk Narkatiya Bhawanipur hudai Hardiya Sadak, Rautahat | |
| 3 | RDCNP/33701176/2079/80-50 | Road Improvement Works at Lalbandi Bazzar Dekhi Khaira Mohanpur Hudai Malangwa Samma Sadak, Sarlahi | |
| 4 | RDCNP/33701176/2079/80-51 | Road Improvement at Parsa Ga. Pa. Border ward no.5,6 Hudain Brahmapuri Ga. Pa. Ward no 6,7 Mohanganj Hudain Chaulikha Bazzar Hudain Bishnu Ga. Pa, ward no 6 Phenhara Hudain Kaudena Ga. Pa. ward no 2,1 Sukchaina sundarpur Bazzar samma sadak , Sarlahi Sadak, Sarlahi | |
| 5 | RDCNP/337310113/2080/81-01 | Maintenance along Chandranigahpur-Gaur Road, Rautahat | |
| 6 | RDCNP/337310113/2080/81-02 | Road Improvement Works along Nawalpur Malangwa Road, Sarlahi | |
| 7 | RDNP/33701169/2080/81-04 | Construction of Blacktop works Pokhariya Idgah Lalbakaiya Road, Rautahat. | |

डिभिजन प्रमुख

**Bangladeshi passport lost**

मिति २०८०/०८/१७ गते पानीपोखरीदेखि चक्रपथसम्म जाँदा मेरो निम्न व्यहोराको राहदानी हराएकोले पाउनुहुने महानुभावहरूले तलको ठेगानामा वा नजिकको प्रहरी चौकीमा खबर गरिदिनुहुन अनुरोध छ ।

Name : MD BORHAN MOLLAH
Pp No : A02560302
Phone : 9704971327

**मोटरसाइकल हरायो**

मेरो निम्न लिखित व्यहोराको मोटरसाईकल मिति २०८०/८/१३ गते १८:१० बजे मध्यपुर ठिमी नपा-५, राधोराधेस्थित पार्किङ गरिरहेको अवस्थामा हराएको हुदाँ फेला पार्नु हुनेले निम्न ठेगानामा जानकारी गराउन या नजिकको प्रहरीचौकीमा बुझाईदिनु हुन अनुरोध गर्दछु ।

नाम : सन्तोष थापा
मो.नं. : बा.प्र. ०२-०४६ प ३३३९
इन्जिन नम्बर : DKXCMJ31421
च्यासिस नम्बर : MD2A13EX9NCJ97290
pulsur : 220 cc, रंग : कालोनिलो
सम्पर्क : ९७६५३०५७४७

**माइग्रेसन हरायो**

बुढानिलकण्ठदेखि चक्रपथसम्म जाँदा मेरो निम्न व्यहोराको माइग्रेसन हराएकाले पाउनुहुने महानुभावहरूले तलको ठेगानामा वा नजिकको प्रहरी चौकीमा खबर गरिदिनुहुन अनुरोध छ ।

Name : Deepa K.C
Address: Budhanilkantha, kathmandu
Symbol No : 9903785
CTVT Registration No : SN-17579-10
Con: 9863193569

**मोटरसाइकल हरायो**

मिति २०८०/०८/०१ गते मेरो निम्न व्यहोरा भएको बा.प्र.-०२-०२५ प ९०४४ नं. को 200CC को NS Pulsur नीलो रङको मोटरसाईकल का.जि. बु.न.पा., वडा नं ४ बाट हराएको हुँदा पाउनुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरीदिनु हुन अनुरोध गर्दछु ।

नाम : गनेन्द्र जिमी
ठेगाना : भङ्गाल, बुढानीलकण्ठ, काठमाडौं
फोन : ९८४००२२८००
च्या.नं. : MD2A36FX3NCM81461
ई.नं. : JLXCNN25984

**बीमालेखा हरायो**

मिति २०७९/१/२५ गते टोखा देखि सामाखुशी जाँदा मेरो निम्न व्यहोरा भएको एशियन लाईफ इन्स्योरेन्स कम्पनीबाट जारी बीमालेखा हराएको हुँदा पाउनुहुने महानुभावले मेरो निम्न ठेगाना वा नजिकको प्रहरी कार्यालयमा बुझाईदिनुहुन अनुरोध गर्दछु ।

नाम : सौरभ लोहनी
बीमालेखा नं : ७२२०००५५०३
ठेगाना : टोखा
सम्पर्क नं : ९८६०१५२७६५

**बीमालेखा हरायो**

मिति २०७६/५/१५ गते टोखा देखि बालाजु जाँदा मेरो निम्न व्यहोरा भएको एशियन लाईफ इन्स्योरेन्स कम्पनीबाट जारी बीमालेखा हराएको हुँदा पाउनुहुने महानुभावले मेरो निम्न ठेगाना वा नजिकको प्रहरी कार्यालयमा बुझाईदिनुहुन अनुरोध गर्दछु ।

नाम : सुमन पाण्डे
बीमालेखा नं : ७२१७०००१००८
ठेगाना : टोखा
सम्पर्क नं : ९८६९५७८२५८